नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

शैक्षिक योजना तथा विकास महाशाखा

## शिक्षक व्यवस्थापन समन्वय शाखा

सानोठिमी, भक्तपुर

प.सं.२०८०।८१ शि. व्य.

च.नं. ६

मितिः २०८१।०४।०९

विषयः **खुद पुल दरबन्दी विवरण पठाउने सम्बन्धमा ।**

**श्री स्थानीय तह,**

**(खुद पुल दरबन्दी भएका मात्र)**

प्रस्तुत विषयमा शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन)कार्यविधि,२०७६ अनुसार शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापनको कार्य हुँदै आएको व्यहोरा अवगत नै छ । खुद पुल दरबन्दी भएका अधिकांश स्थानीय तहहरुले खुद पुल दरबन्दी कट्टा गर्न यस केन्द्रमा समयमै विवरण उपलब्ध गराएका कारण दरबन्दी मिलान तथा व्यवस्थापन कार्यमा उल्लेखनीय सहयोग पुगेको छ । शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापनको कार्यलाई निरन्तरता दिने प्रयोजनार्थ हालसम्म अझै पनि खुद पुल दरबन्दी कट्टा गर्न बाँकी रहेका स्थानीय तहहरुले सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइ मार्फत यही भाद्र १५ गतेभित्र यस केन्द्रको ईमेल ठेगाना teachermgt.cehrd@gmail.com मा तपसिल बमोजिमको विवरण उपलब्ध गराउनुहुन निर्देशानुसार अनुरोध छ ।

केन्द्रबाट विभिन्न मितिमा जारी भएको पत्रानुसार समयमै कट्टा गर्नुपर्ने खुद पुल दरबन्दी नपठाई दरबन्दी मिलान कार्यमा सहजीकरण नगर्ने खुद पुल दरबन्दी रहेका स्थानीय तहहरुमा खुद पुल दरबन्दी बराबरको सङ्ख्यामा शिक्षक तलब भत्ता निकासा नगरिएको र नगरिने हुँदा शिक्षक दरबन्दी मिलानको कार्य यथाशीघ्र सम्पन्न गर्ने व्यवस्था हुन समेत निर्देशानुसार अनुरोध छ ।

**तपसिलः**

१. खुद पुल रहेको कट्टा गर्नुपर्ने रिक्त दरबन्दी/राहत अनुदान कोटाको विवरण ।
२. कटौती हुने खुद पुल दरबन्दी रहेको स्थानीय तहबाट तोकिएको सोही जिल्लाको अर्को दरबन्दी थप हुने स्थानीय तह वा सोही प्रदेशको दरबन्दी थप हुने अर्को जिल्लाको स्थानीय तहमा दरबन्दी थप सहित सरुवा भई जान ईच्छुक शिक्षकहरुको निवेदन माग र सङ्कलन गरी सो सहितको विवरण ।
३. माथि बुँदा नं. १ र २ अनुसारको विवरण पठाउँदा समेत खुद पुल दरबन्दी बाँकी रहने भए राहत अनुदान कोटा र दरबन्दीमा अस्थायी/करारमा कार्यरत शिक्षकहरुको अलग अलग कनिष्ठताको सूची अद्यावधिक गरी पठाउनु हुन ।
४. खुद पुल दरबन्दी रहेको स्थानीय तहले उक्त खुद पुल दरबन्दीमा स्थायी पदपुर्ति नगर्नु नगराउनु हुन र कुनै पनि व्यहोराले रिक्त रहने भए सो विवरण बुँदा १ बमोजिम गर्नुहुन ।

२०८१।०४।०९

हरि बहादुर श्रेष्ठ

शाखा अधिकृत

**बोधार्थः**

श्री शिक्षा विकास तथा समन्वय इकाइ,

(खुद पुल दरबन्दी भएका मात्र)-आवश्यक समन्वय र सहजीकरणका लागि ।